नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४।०४।३२

## प्रेस विज्ञप्ति

विगत केही दिन देखि परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुवानबाट हालसम्म प्राप्त विवरण अनुसार १२८ जनाको मृत्यु, २५ जना घाइते र ३३ जना बेपत्ता भएका छन् ।बाढी, पहिरो र डुवानबाट प्रभावितहरुको खोज उद्धार राहत वितरणको लागि नेपाल सरकारले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका २५ हजार तालिम प्राप्त सुरक्षाकर्मीहरु, स्थानीय प्रशासन, अन्य राष्ट्रसेवक कर्मचारीहरु, स्थानीय तह, स्थानीय जनसमुदाय र सर्वसाधारण समेतलाई समन्वय गरी परिचालन गरिएको छ ।यसक्रममा १ लाख ५ हजार भन्दा बढीको उद्धार गरिएको छ ।१ लाख २० हजार केजी भन्दा बढी खाद्यान्न, औषधी, पानी लगायतका सामाग्री हेलि लिफ्ट गरि वितरण गरिएको छ । सडक मार्गबाट पनि राहत वितरणको कार्य भईरहेको छ ।

बाढी, पहिरो र डुवानका कारण क्षतिग्रस्त भएका दाउन्ने, गावर, गन्दाली, शम्सेरगंज, अगैया, लोहोरे खोला पुल, रातु, जंघा, धन्सार, दुधौरा, तिन नम्वर पुल, राप्ती पुल, कठौना, दुधैला, खडक खोला पुल, वुढी खोला, गछीया, कन्काई पुलहरुमा तत्काल मर्मत संरक्षणको कार्य गरी लाइफ लाइनको रुपमा रहेको सडक यातायातलाई सुचारु गरिएको छ ।

नेपाल सरकारले राहत वितरणको लागि नेपाली सेना र निजी क्षेत्रको हेलिकप्टरहरु प्रयोग गरी सप्तरीको मैनाकडरी, हनुमाननगर, तिलाठी, धनुषाको मुखियापट्टी, कमलानदी किनार, महोत्तरीको राम गोपालपुर, लोहारपट्टी, सिंगाइ सर्लाहीको सिसौड, सक्रौल, खैर्वा, मैनाथपुर, मानपुर, गडैया, बलरा, रौतहटको देवाही, गौर, बनकुल, औरैया, गंगा पिपरा, मौलापुर, माधवपुर, फतवा विजयपुर, दुधियावजार, जयकिसनपुर, श्रीराम सुगर मिल पर्साको ठोरी, चितवनको जगतपुर, बाँकेको फत्तेपुर, नरैनापुर, राप्ती पारीको विभिन्न क्षेत्र वर्दियाको गुलरिया, मगरागढी, वारवर्दिया लगायतका विभिन्न ठाँउहरुमा पटक पटक गरी उद्धार गर्नुका साथै राहत सामग्री वितरण गरिएको छ ।

यस क्रममा आज नेपाली सेनाको एम.आइ. १७ हेलिकप्टर मार्फत जनकपुरबाट सक्रौल/ वक्रौल र सिसौटमा ४/४ टन, एयर डाईनेस्टी हेलिकप्टर मार्फत रौतहटको माधवपुर, देवही, सर्लाहीको गढैया, खैरहवा र महोत्तरीको लोहारपट्टीमा एक/ एक ट्रिप राहत सामाग्री पठाईएको छ । श्री एयरलाईन्स मार्फत काठमाण्डौबाट खैरहवा सर्लाही र सिमराबाट लौकाहा, रौतहटमा राहत सामग्री पठाइएको छ।

आज नै क्षेत्रीय आपतकालिन गोदामघर, हेटौंडाबाट सर्लाही जिल्लाका लागि २ ट्रक त्रिपाल पठाइएको छ । मोरङबाट सप्तरी जिल्लाका लागि हालसम्म हेलिकप्टरबाट ६ ट्रिप र सडकमार्गबाट १३

ट्रक राहत सामग्री पठाइएको छ । राहत रकम वितरणको लागि क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडा र १८ वटा जिल्लालाई गरी जम्मा रु ५ करोड १२ लाख रकम निकासा गरिएको छ ।

जिल्लागत रुपमा राहत वितरणको विवरणः-

१. **पाँचथरः-** त्रिपाल-४१ वटा, कम्बल-५ वटा, कपडा-२० थान, चिउरा-८२ के.जी, विस्कुट-७२ दर्जन ।

२. **झापाः-** त्रिपाल-१५७५ वटा, राहत सामग्री-१२सेट, झुल-७२१ थान, भाँडा-१५५ सेट । कचनकवल गा.पा.मा विपदमा परी मृत्यु भएका राम भन्ने पवन राजवंशीका परिवारलाई नगद रु २ लाख राहत वितरण गरिएको ।

३. **मोरङ्गः-** त्रिपाल- ३२५६ वटा, कम्वल-८२५, चकटी-२९३ वटा, झुल-२८५ वटा, वाल्टीन-३१५ वटा, प्लाष्टिक-४४ रोल, चामल-१८९५ क्वीन्टल, दाल-१६० के.जी, चिउरा-७०० के.जी, भुजीया-१६४२ के.जी, विस्कुट-२०० कार्टुन, पानी -११६ कार्टुन, चाउचाउ-१०० कार्टुन, चिनी-५५ के.जी, नुन-२२५० के.जी ।

४. **सुनसरीः-** त्रिपाल-१०८ वटा, चामल-१५५०० के.जी, दाल-९७० के.जी, चिउरा-१९४०० के.जी, भुजीया-१०७०० के.जी, विस्कुट ४९०० प्याकेट, तेल-६२० लि., चाउचाउ-२८५० कार्टुन, नुन-९५० के.जी ।

५. **ससरीः-** पोका (१ परिवारका लागि बनाएको भुजा, चिउरा, चाउचाउ, विस्कुट)-१३७८ थान, चाउचाउ-१२४ कार्टुन, पानी-९२ कार्टुन, भुजा-९१ बोरा, विस्कुट-५ कार्टुन । क्षेत्रीय आपतकालीन गोदाम घर सुनसरीबाट-८००० थान त्रिपाल ल्याइएको छ ।

६. **सिराहाः-** त्रिपाल-३१० वटा, चामल-३६५० के.जी., दाल-३३५ के.जी., नुन-३४१ के.जी., चिउरा-६४५ के.जी., भुजा-४८१ के.जी., दालमोठ-१८७ के.जी., तेल-२८ लिटर, पिठो-४०० के.जी डोरी-५०० मिटर ।

७. **सर्लाहीः-** त्रिपाल-४०७ वटा, कम्वल-३० वटा, मग-३० वटा, कपडा-२०० सेट, चामल-१०२०० के.जी, दाल-१२०० के.जी, चिउरा-१३२३० के.जी, भुजीया-१५ बोरा, दालमोठ-५५ बोरा, विस्कुट-३० कार्टुन ।

८. **महोत्तरीः-** त्रिपाल-१५२ वटा, म्याट्रेस-१२५ वटा, कपडा-४०० थान, चामल-१०० बोरा, दाल-२० के.जी, चिउरा-१७६७ के.जी, भुजा-६२ के.जी, विस्कुट- ५२५ प्याकेट, पानी-७४० बोत्तल, चाउचाउ-

२२०० प्याकेट । आज नै बर्दिवासबाट गौशाला, सोनामाई, सम्सी, भंगाहा र जलेश्वर हुँदै पिपराका बाढी र डुबान पीडितका लागि १/१ ट्रक राहत सामग्री पठाइएको ।

९. धनुषाः- नेपाली सेनाको एम.आइ १७ हेलिकप्टरबाट सक्रौल र सिसौटमा ४/४ टन राहत सामग्री पठाइएको ।यसै गरी रौतहटको माधवपुर, देवही सर्लाहीको गढैया, महोत्तरीको लोहारपट्टीमा सानो हेलिकप्टरबाट १/१ ट्रिप ५००/५०० के.जी. राहत सामग्री पठाइएको छ ।

१०. रौतहटः- चिउरा-२९९५० के.जी., दाल-६०० के.जी., तेल-६०० लिटर, त्रिपाल-५७१ वटा, ड्राइफुड-१५६ बोरा, दालमोठ-१८९ के.जी., मुरई-२५२ के.जी., पानी-५८ कार्टुन, चाउचाउ-४० कार्टुन, सिमी-१७ बोरा ।

११. बाराः-त्रिपाल-४३० वटा, बाल्टीन-३४४ वटा,हाईजीन किट- ३१० वटा, चिउरा-४८ बोरा, अक्वा ट्याप-३४४ वटा, चाउचाउ-४२ कार्टुन, दालमोठ-७८ के.जी, डोरी-३१० प्याकेट, चामल-३४० के.जी, दाल-३४ के.जी, आलु-१०२ के.जी, कपडा-३४ थान, विस्कुट-१७० प्याकेट, औषधी- ३४ वट्टा ।

१२. पर्साः- त्रिपाल-३०६ वटा, भाडा- १७१ सेट, चामल-२१०० के.जी, चिउरा-३७० के.जी, भुजीया-१०५० के.जी, दालमोठ-१५७ के.जी, पानी-३६ वोत्तल, चाउचाउ-१६८० प्याकेट, नुन-५०० के.जी, औषधी-१ कार्टुन ।

१३. मकवानपुरः-त्रिपाल-२७ वटा, म्याट्रेस- ४ रोल, कम्वल-१६ वटा, टेन्ट-२ वटा, चामल-१००० के.जी, तेल-६२ लि.,दाल-१०७ के.जी, गेडागुडी-१० के.जी., विस्कुट-५० प्याकेट, आलु-१०० के.जी ।

१४. नवलपरासीः- ड्राई फुड- ४५३० परिवारका लागि, झुल -४०० वटा, त्रिपाल-२४० वटा, चिउरा-५० बोरा, चाउचाउ-३० कार्टुन, पानी-३० कार्टुन ।

१५. बाँकेः-चिउरा १४१२७ के.जी.,चिनी २२९७ के.जी.,पानी १२२६२ बोत्तल, नून १४८३ के.जी.,चाउचाउ ५२२५७ प्याकेट, विस्कुट ३३३०० प्याकेट, चामल १००० के.जी., भुजा १३९० के.जी., दालमोठ १६०० के.जी., सोयावीन १०० के.जी., तेल १२० लिटर, जीवनजल-१९६४५ प्याकेट, सीटामोल-५०० ट्याव्लेट, मेट्रोनेडाजोल-५००० ट्याव्लेट, अन्य औषधी-२ कार्टुन ।

१६.बर्दियाः- त्रिपाल-३५ वटा, चामल-२० क्वीण्टल, चिउरा २०० के.जी., नून २५ के.जी.चिनी २० के.जी.विस्कुट- १२२ कार्टुन, विस्कुट १६ कार्टुन,चाउचाउ ११२ कार्टुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

१७. कैलाली:- त्रिपाल-३८२ वटा, कम्वल-५० वटा, झुल-१४० वटा, चामल-१२.५ क्वीन्टल, दाल-१५० के.जी, चिउरा-१०१४ के.जी, भुजीया-३८ के.जी, विस्कुट-१०० प्याकेट ।

यसै बीच आज पूर्व प्रधानमन्त्री माननीय पुष्पकमल दाहाल 'प्रचण्ड' एवं माननीय गृहमन्त्रीज्यू सहितको टोलीले सप्तरी र सर्लाही जिल्लाका बाढी र डुवान प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी राहत वितरणलाई प्रभावकारी बनाउन स्थानीय प्रशासनलाई निर्देशन भएको छ ।

(रामकृष्ण सुवेदी)
सह-सचिव/प्रवक्ता